आज मिति २०७८।५।१४ गते प्रमुख जिल्ला अधिकारी श्री लिलाधर अधिकारी ज्यू को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक सम्पन्न भयो।

<u>उपस्थिति</u>

अध्यक्ष श्री लिलाधर अधिकारी, प्र०जि०अ०
सदस्य श्री धनेश कुमार यादव प्र.व.पा. प्रतिनिधि
" " श्री मिश्रीलाल यादव उ०स०प० नं०का०
" " श्री केशव कुमार यादव ज०स०पा०, बर्दिया
" " श्री दुर्गा बहादुर थापा, प्रमुख, बारबर्दिया न०पा०
" " श्री मुक्तिनाथ यादव, प्रमुख गुलरिया न०पा०
" " श्री गणेश बहादुर के.सी., प्रमुख मधुवन न०पा०
" " श्री धन नारायण श्रेष्ठ प्रमुख ठाकुरबाबा न०पा०
" " श्री शिव प्रसाद थापा, प्रमुख, राजापुर न.पा.
" " श्री लाल बहादुर श्रेष्ठ, अध्यक्ष, बढैयाताल गा०पा.
" " श्री जमानसिंह क्षत्री, अध्यक्ष, गेरुवा गा०पा०
" " श्री सुषमा चौधरी, उपप्रमुख, बाँसगढी न०पा०
" " श्री केदार रजौरे, प्र०उ० जि०प्र०का० बर्दिया
" " श्री यादव विश्वकर्मा, स०प्र०उ०, स०प्र०ब० नं. ३४ ह.बर्दिया
" " श्री योगेन्द्र केसी, इ०प्र०अ० त्रि. प्र० श्र० जि०का०
" " श्री श्यामु भाट्टी, सेनानी, भैरव प्रसाद गण सुरक्षा गुल्म
" " श्री रामचन्द्र थापा, उपसभापति ने.रे.सो. जिल्ला शाखा
" " श्री विष्णु प्रसाद तिमिल्सिना, गै.स.स. महासंघ
" " श्री राजेन्द्र घिताल, अध्यक्ष ने.प्र.म. बर्दिया
" " श्री सुभाष पाण्डे, मे.सु. जिल्ला अस्पताल बर्दिया
" " श्री गोकर्ण गिरी, वि०अ० स्वा०अ० स्वास्थ्य कार्यालय
" " श्री कृष्ण बहादुर खड्का, नि०जि०स०अ०, जि०स०स०
" " श्री विर बहादुर चौधरी, अध्यक्ष उ०उ०वा० सं.
सचिव श्री नारायण प्रसाद ढकाल, प्र०अ० जि० प्रशासन का०

<u>आमन्त्रित</u>

श्री शुक्र प्रसाद थापा प्रमुख जिल्ला समन्वय समिति
श्री प्रेमचन्द्र मगाल, प्रमुख कोष नियन्त्रक, को.ले.नि.का. बर्दिया
श्री आनन्द श्रेष्ठ अध्यक्ष ~~प्रमुख~~ बर्दिया अस्पताल विकास समिति
श्री बालकृष्ण वली, संयोजक, नागरिक समाज बर्दिया
श्री कृष्ण प्रसाद गौतम, प्र०प्र०अ० गुलरिया न.पा.

श्री महेश कुमार मण्डल – सि.डि.ई. कर्णाली नदी व्य. आयोजना

श्री गौतम भण्डारी – इन्जिनियर " " "

रामहरि रिसाल – प्र. प्र. अ. [illegible]

गोविन्द प्रसाद [illegible] सभासद प्रतिनिधी

रुपक ज्ञवाली DMO/ DEOC/ NLCS

बालकृष्ण अधिकारी प्र.अ. जि.प्र.का. वर्दिया

गणेश विक्रम शाह प्र.अ. — " —

गंगाराम अधिकारी ड.अ. — " —

कृष्ण रवाल प्र.उ.पा. वर्दिया

निर्णय नं. १

बर्दिया जिल्लामा कोभिड-१९ बाट संक्रमित हुने व्यक्तिहरुको संख्या बढ्दै गइरहेको र निजहरुको Contract Tracing मा रहेकाहरुको समेत स्वाब परीक्षण लिई RT PCR को लागि बाँके जिल्लास्थित भेरी अस्पतालमा पठाउदा सोको नतिजा आउन ५ दिन देखि ११ दिनसम्म लाग्ने गरेको र कोभिड-१९ संक्रमितलाई Isolation मा ल्याई उपचार गराउने र जिल्लालाई कोरोनामुक्त बनाउने लक्ष्यमा RT PCR परीक्षण सहितको प्रयोगशाला जिल्लामा स्थापना गर्न अत्यावश्यक देखिएकोले बर्दिया जिल्ला अस्पतालबाट बैठकमा प्रस्तुत प्रतिवेदनमा उल्लेखित भए अनुसार प्रयोगशालाको सामग्री, उपकरण र जनशक्ति व्यवस्थापन गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५, जिल्लास्थित स्थानीय तह, निजि क्षेत्र, गै.स.स. लगायत सबै सरोकारवालाहरुलाई सो प्रयोगशाला स्थापना गरी संचालनमा ल्याउनको लागि आवश्यक सहयोगका लागि अनुरोध गर्ने ।

निर्णय नं. २

मनसून शुरु भैसकेकाले बर्दिया जिल्लाका बबई, कर्णाली लगायतका नदीहरुमा हुने कटान तथा डुबान नियन्त्रणका लागि संचालित आयोजनाबाट भएका नदी नियन्त्रण सम्वन्धी कार्यहरुको विवरण सहितको दैनिक प्रतिवेदन सम्वन्धित विभाग र जिल्लामा पठाउने । जोखिमका दृष्टिकोणले संकटासन्न क्षेत्रहरुको पहिचान गरी सोको जानकारी अविलम्ब जिल्ला विपद व्यवस्थापन समितिमा उपलव्ध गराउने । साथै कर्णाली नदीले राजापुर नगरपालिकाको सनकट्टी घाटमा गरेको कटानलाई रोकथाम गरी थप क्षति हुन नदिनको लागि नदी नियन्त्रणको तत्कालिन तथा दिर्घकालिन योजना कार्यान्वयन गर्न कर्णाली नदी व्यवस्थापन आयोजनालाई निर्देशन दिने ।

निर्णय नं. ३

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५, बुटवलबाट विकट पालिकाहरुमा हेलिप्याड निर्माण कार्यक्रमका लागि रु. १००००००।-(दश लाख मात्र) प्राप्त भएकोमा रकम अभावका कारण सबै स्थानीय तहमा हेलिप्याड निर्माण गर्न कठिनाई भएकोले हाललाई जोखिमको आधारमा गुलरिया नगरपालिका वडा नं. ४ कवर्ड हल मैदान तथा बाँसगढी नगरपालिका वडानं. ५ ने.रा.मा.वि.को खेलकुद मैदान, बारबर्दिया नगरपालिका वडा न. २ जनचेतना आ.वि.नारायणपुरको खेल मैदान तथा राजापुर नगरपालिका वडा नं. ४ अमर सहिद दशरथ चन्द उच्च माध्यमिक विद्यालयको खेल मैदानमा हेली प्याड निर्माण गर्ने । सो कार्यको अनुगमन तथा रेखदेख सम्वन्धित स्थानीय तहले गर्ने ।

निर्णय नं. ४

बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. ४ स्थित कवर्डहल खेल मैदानमा Night Vision Helicopter अवतरण हुन सक्ने Night Landing हेलिप्याड निर्माणका लागि प्रदेश सरकारबाट प्राप्त रकम रु. दश लाख मध्येबाट रु. दुई लाख पचाँस हजारको निर्माण सामग्री खरिद गरी नेपाली सेनालाई हस्तान्तरण गर्ने र सो प्राप्त निर्माण सामग्री अनुरुप हेलिप्याड भैरव प्रसाद गण सुरक्षा गुल्म बर्दियाको श्रमदान र प्राविधिक सहयोग मार्फत सामग्री उपलव्ध गराई निर्माण सम्पन्न गराउन अनुरोध गर्ने। साथै लागत अनुमान बमोजिम अपुग हुने निर्माण साधन र सामग्री उपलव्ध गराइदिन गुलरिया नगरपालिकालाई अनुरोध गर्ने

निर्णय ५

COVID 19 रोकथाम नियन्त्रणका लागि बर्दिया जिल्ला स्थित गुलरिया नगरपालिकाको वडा नं ४ मा रहेको साविक महिला तथा बालबालिका कार्यालयको भवनमा PCR परिक्षण प्रयोगशाला स्थापना गर्ने प्रयोजनका लागि गुलरिया नगरपालिकाले संचालन गर्ने गरी सो नगरपालिकाको नाउँमा राष्ट्रिय बाणिज्य बैंक गुलरिया शाखामा रहेकोको ग.७.२ (प्रकोप व्यवस्थापन कोष खाता) खातालाई PCR परिक्षण प्रयोगशालामा संचालन तथा व्यवस्थापन गर्न खर्च गर्ने गरी खाता प्रयोग गर्ने ।

निर्णय ६

संघिय सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश नं ५, बुटवल, सामाजिक विकास मन्त्रालय, प्रदेश नं ५, बुटवल, सम्पूर्ण स्थानिय तहहरु, बर्दिया जिल्लाको प्रतिनिधित्व गर्ने माननिय सांसदज्यूहरु, सम्पूर्ण संघ संस्था र सरोकारवालाहरुलाइ अनुरोध गर्ने । साथै स्थापना गरिएको COVID 19 प्रयोगशाला COVID 19को रोकथाम, उपचार तथा नियन्त्रण पश्चात बर्दिया जिल्ला अस्पताललाइ हस्तान्तरण गर्ने ।

निर्णय ७

COVID 19 प्रयोगशालाको समग्र व्यवस्थापन तथा सन्चालन सम्बन्धि कार्यविधि निर्माणका लागि देहाय बमोजिमको समिति गठन गर्ने ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत गुलरिया नगरपालिका | संयोजक |
| प्रमुख कोष नियन्त्रक बर्दिया | सदस्य |
| बर्दिया अस्पताल प्रमुख | सदस्य |
| जिल्ला प्रशासन कार्यालय बर्दिया प्रशासकिय अधिकृत | सदस्य |
| स्वास्थ्य कार्यालय बर्दिय प्रमुख | सदस्य |
| जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

समितिले आवश्यकताअनुसार विज्ञहरुलाइ आमन्त्रित गर्न सक्नेछ ।

उक्त समितिले आफ्नो बैठक संचालन सम्बन्धि कार्यविधि आफै निर्धारण गरे बमोजिम हुनेछ ।

निर्णय ८

बर्दिया जिल्लामा पिसिआर प्रयोगशालाको खर्च व्यवस्थापन तथा संचालनको लागि बर्दिया जिल्लाको गुलरिया नगरपालिकाले ४० लाख र अन्य स्थानीय तहबाट २०/२० लाखका दरले १५ गतेभित्र गुलरिया नगरपालिकाको प्रकोप व्यवस्थापन कोष खातामा रकम जम्मा गर्ने वा लिखित प्रतिवद्धता पठाउने । प्रदेश सरकार प्रदेश नं. ५ बाट रु १ करोड PCR औजार उपकरणको खरिद गर्नको लागि माग गर्ने साथै बर्दिया जिल्लाको निर्वाचन क्षेत्र नं १ र २ को स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम कार्यान्वयन गरी बाँकी रहेको रकम उक्त प्रयोगशाला स्थापनाको लागि प्रयोग गर्न माननीय सांम्सदज्यू र सम्पुर्ण स्थानीय तहलाई अनुरोध गर्ने ।

निर्णय नं. ९

जिल्ला विपद व्यवस्थापन समिति बर्दियाको यस अघिका बैठकबाट भएको निर्णय अनुसार प्रत्येक स्थानीय तहमा कम्तिमा ५० वेड क्षमताको Isolation Center निर्माण गर्ने निर्णय भएता पनि हालसम्म कतिपय स्थानीय तहमा निर्माण नभएकाले पुनः ५० वेड क्षमताको Isolation Center यथाशिघ्र निर्माण गर्न अनुरोध गर्ने ।

निर्णय नं. १०

PCR प्रयोगशालाको समग्र व्यवस्थापन, रेखदेख र अनुगमन जिल्ला विपद व्यवस्थापन समितिले गर्नेछ ।